अनुसूची - २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

**चौरजहारी नगरपालिका**

# स्थानीय राजपत्र

| खण्ड : ९ | सङ्ख्या : ६ | मिति : २०८२/०३/०९ |
|---|---|---|

**भाग –१**

**चौरजहारी नगरपालिका**

**प्रकाशन मिति : २०८२/०३/१३**

## चौरजहारी नगरपालिकाको युवा तथा खेलकुद विकास ऐन, २०८२

**प्रस्तावना :** वालबालिका, युवा, वयस्क तथा प्रौढहरुको शारीरिक, मानसिक एवम् संवेगात्मक विकास तथा व्यवस्थापनको लागि खेलकुद  अपरिहार्य रहेको र स्थानीय तहदेखि नै योजनावद्ध रुपमा खेलाडीहरुको उत्पादन, विकास तथा व्यवस्थापनको लागि खेलकुद  को माध्यमबाट विद्यार्थी तथा सर्वसाधारण जनताको शारीरिक तथा मानसिक विकास गरी सक्षम र अनुशासित नागरिक तयार गर्नको निमित्त खेलकुद  सम्बन्धी तालीम संचालन गरी सबै किसिमको खेलकुद  आयोजना गर्न तथा राष्ट्रिय स्तरमा हुने खेलकुद  प्रतियोगितामा नगरपालिकाको उपयुक्त सहभागिता समेतको आवश्यक व्यवस्था गरी खेलकवको विकास गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (७) ले दिएको अधिकार प्रयोग गरी चौरजहारी नगर कार्यपालिकाले युवा तथा खेलकुद विकास विधेयक, २०८२ बनाएको छ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भ** : (१) यस विधेयकको नाम "चौरजहारी नगरपालिकाको युवा तथा खेलकुद विकास विधेयक, २०८२" रहेको छ।

(२) यो विधेयक तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधेयकमा :-

चौरजहारी नगरपालिका युवा तथा खेलकुद विकास ऐन, २०८२

(क) “समिति" भन्नाले दफा ३ बमोजिम स्थापना भएको युवा तथा खेलकुद विकास समिति सम्झनु पर्छ।

(ख) “अध्यक्ष” भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ।

(ग) “सदस्य” भन्नाले समितिको सवस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र सदस्य सचिवलाई समेत जनाउँनेछ।

(घ) "सदस्य-सचिव” भन्नाले समितिको सदस्य-सचिव सम्झनु पर्छ।

(ङ) “नगरपालिका" भन्नाले चौरजहारी नगरपालिकालाई सम्झनु पर्छ।

(च) “तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस विधेयक तथा प्रचलित कानूनमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(छ) "नगर कार्यपालिका" भन्नाले चौरजहारी नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(ज) “नगर सभा” भन्नाले चौरजहारी नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पर्छ। नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु चौरजहारी नगर

(ञ) "खेलकुद पूर्वाधार" भन्नाले भन्नाले नगरपालिकामा खेलग्रामको रुपमा विकास गर्न आवश्यक खेल बिधा अनुसारका खेल मैदान (फुटबल मैदान, क्रिकेट मैदान, भलिबल मैदान आदि), कर्भडहल, ट्र्याक एण्ड फिल्ड वाकिङ, रुट/फुट ट्रेल, स्वीमिङ पुल, विचरण पार्क लगायतका खेलकुद पूर्वाधार सम्झनु पर्छ।

(ट) “शिक्षा, युवा खेलकुद शाखा” भन्नाले चौरजहारी नगरपिलका अन्तर्गत रहेको शिक्षा, युवा तथा खेलकुद शाखा चौरजहारी सम्झनुपर्छ।

**३. समितिको स्थापना** : (१) युवा तथा खेलकुदको विकास गर्नको लागि युवा तथा खेलकुद विकास स्थापना हुनेछ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने समितिमा बेहायका सदस्यहरु रहनेछन्:-

(क) खेल क्षेत्रमा ख्याति प्राप्त व्यक्तिहरुमध्येबाट नगर कार्यपालिकाबाट मनोनित व्यक्ति एक जना अध्यक्ष

चौरजहारी नगरपालिका युवा तथा खेलकुद विकास ऐन, २०८२

(ख) खेलकुद   क्षेत्रमा ख्याति प्राप्त व्यक्तिहरुमध्येवाट प्रत्येक वडाबाट एक/एक जनाको प्रतिनिधित्व हुने गरी नगर कार्यपालिकाले मनोनित गरेका व्यक्तिहरुमध्ये चौध जना सदस्य

(ग) खेल जगतमा प्रतिभा आर्जन गरेका कम्तीमा दुई जना महिला सहित तीन जना खेलाडी पर्ने गरी नगर कार्यपालिकाबाट मनोनीत वढीमा पाँच जना सदस्य

(घ) शिक्षा, युवा तथा खेलकुद   शाखा प्रमुख वा निजले तोकेको कर्मचारी - सदस्य

(३) समितिले आवश्यक देखेमा कुनै विदेशी वा स्वदेशी विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको प्रधान कार्यालय चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा रहनेछ।

४. **समितिको संरक्षक** : (१) नगर प्रमुख समितिको संरक्षक हुनेछ।

(२) अध्यक्षले समितिको वार्षिक प्रतिवेदन नगर प्रमुख मार्फत नगर कार्यपालिका समक्ष पेश गर्नेछ

५. **निर्देशन पालना गर्नुपर्ने** : संरक्षकले दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ।

६. **पदावधिः** (१) मनोनीत सदस्यहरुको पदावधि चार वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरुको पुनः मनोनयन हुन सक्नेछ।

(२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिको लागि दफा ३ को प्रक्रिया बमोजिम पद पूर्ति गरिनेछ।

(३) सदस्यले राजीनामा गरेमा निज आफ्नो पदबाट मुक्त भएको मानिनेछ।

(४) कुनै सदस्यले आफ्नो कर्तव्य पालन गरेको छैन भन्ने लागेमा समितिको सिफारिसमा नगर कार्यपालिकाले त्यस्तो सदस्यलाई जुनसुकै बखत हटाउन सक्नेछ। त्यस्तो कारवाही गर्दा सम्बन्धित सदस्यलाई सफाई दिने मौकाबाट वञ्चित गरिने छैन।

७. **सदस्यको अयोग्यता**: देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैन :-

(क) गैर नेपाली नागरिक,

(ख) समितिमा कार्यरत वैतनिक कर्मचारी,

(ग) साहुको ऋण तिर्न नसकी दामासाहीमा परेको,

चौरजहारी नगरपालिका युवा तथा खेलकुद विकास ऐन, २०८२

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरवार ठहरी सजाय पाएको,

(ङ) मगज विग्रेको, वा

(च) एक्काईस वर्ष उमेर पूरा नभएको

८. **सदस्यता समाप्त हुने अवस्थाः** देहायको अवस्थामा सदस्यता समाप्त भएको मानिनेछः-

(क) दफा ७ बमोजिम सदस्यमा बहाल रहन अयोग्य भएमा,

(ख) सदस्यले राजीनामा गरेमा,

(ग) मृत्यु भएमा, वा

(घ) समितिलाई कारण सहितको सूचना नदिई लगातार तीन पटक भन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा।

९. **समितिको बैठक र निर्णयः** (१) अध्यक्षबाट निर्देशन भए अनुसार सदस्य सचिवले मिलि स्थान तोकी समितिको बैठक बोलाउनेछ।

(२) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(३) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) समितिको बैठक बर्षको कम्तिमा छ पटक बस्नेछ।

(५) जम्मा सदस्य संख्याको तीन खण्डको एक खण्ड क खण्ड सदस्यहरुले मनासिव माफिकको कारण देखाई बैठक बोलाइयोस् भनी अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले यथाशीघ्र बैठक बोलाउनु पर्नेछ।

(६) बैठकमा बहुमतको राय मान्य हनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिन पाउनेछ।

(७) सदस्य-सचिवले बैठकको निर्णय पुस्तिका राख्नेछ।

चौरजहारी नगरपालिका युवा तथा खेलकुद विकास ऐन, २०८२

(८) यस दफामा लेखिए देखि बाहेक बैठक सम्बन्धी अन्य विधेयक समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१०. **काम, कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) खेलकुदको स्तरमा बुद्धि गर्न समय समयमा वडा, नगरस्तरका खेलकुद  का प्रतियोगिताहरुको आयोजना गर्ने,

(ख) खेलकुद सम्बन्धी प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी, समितिका सदस्य तथा कर्मचारीलाई खेलकुद   आयोजना हुने विभिन्न स्थानमा पठाउने,

(ग) नगर कार्यपालिकालाई खेलकुद   सम्बन्धी कुरामा सल्लाह दिने,

(घ) खेलकुद सम्बन्धी संस्थालाई आर्थिक वा अन्य सहयोग प्रदान गर्ने वा त्यस्तो सहयोगको लागि नगरपालिका समक्ष सिफारिस गर्ने,

(ङ) शिक्षण संस्थाहरुमा खेलकुद   सम्बन्धी प्रशिक्षण, प्रतियोगिता संचालन गर्ने तथा खेलकुदको उपयोगिताका सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने,

(च) खेलकुद    सम्बन्धी स्तर बढाउने पुस्तक, पर्चा, स्लाइड, चलचित्र वा भिडियो चलचित्र आदिको लेखक वा निर्मातालाई आर्थिक वा अन्य सहयोग प्रदान गरी प्रोत्साहित गर्ने,

(छ) खेलकुद  को उत्तरोत्तर विकासको लागि आवश्यकतानुसार नगरपालिकाभर रंगशाला मैदानको निर्माण गरी तिनीहरुको संरक्षण तथा रेखदेख गर्ने,

(ज) खेलकुदको विकासको लागि वडास्तरमा खेलकुद विकास समिति गठन गर्ने

(झ) खेलकुद   सम्बन्धी संस्थालाई समय समयमा आवश्यक निर्देशन दिने,

(ञ) खेलाडीहरुको स्तरवृद्धि गर्न आवश्यकतानुसार स्वदेशी तथा विदेशी प्रशिक्षकहरुबाट तालीम दिलाउने व्यवस्था गर्ने र उपयुक्त खेलाडीको छनौट गरी आवश्यकतानुसार विदेशमा समेत तालीम हासिल गर्नको लागि पठाउने,

तर विदेशी प्रशिक्षक झिकाउँदा समितिले नेपाल सरकारको पूर्व स्वीकृति लिएको हुनु पर्नेछ।

(ट) खेलाडीहरुलाई आर्थिक सहायता तथा छात्रवृत्ति प्रदान गर्नको लागि नगर कार्यपालिका समक्ष सिफारिस गर्ने,

(ठ) खेलाडीको स्वास्थ्यको सरक्षण गर्नको लागि आवश्यक व्यवस्था गर्ने,

(ड) विभिन्न कारणवाट शारीरिक तथा मानसिक रुपमा विकलाङ्ग हुन पुगेका अपाङ्गहरुको खेलकुद  को विकास गर्न तालिम न तथा तथा प्रतियोगिता संचालन गर्ने व्यवस्था गर्ने र आवश्यकतानुसार त्यस्तो खेलकदको महत्त्वको सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने,

(ढ) युवा सूचना केन्द्र सञ्चालन सम्बन्धी आवश्यक नीति तथा कार्यक्रम तयार गरी स्वीकृतिको लागि नगर कार्यपालिकामा पेश गर्ने,

(ण) दुव्यसनमा लागेका युवालाई पुनःस्थापना गर्न तत्सम्बन्धी संघ वा संस्थासँग सहकार्य गरी आवश्यक कार्यक्रम सञ्चालन गर्ने,

(त) समितिले सञ्चालन गर्नुपर्ने कार्यकम तयार गरी स्वीकृतिको लागि नगर कार्यपालिकामा पेश गर्ने,

(थ) युवाको आर्थिक, सामाजिक, राजनीतिक एवं सांस्कृतिक सशक्तिकरणका लागि सचेतना तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(द) युवाको नेतृत्व विकास, वैयक्तिक र सामाजिक क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ध) युवाको मनोवृत्तिमा सकारात्मक परिवर्तन गर्न युवा जागरण तथा सचेतना अभियान सञ्चालन गर्ने, गराउने,

(म) युवाको मनोवल तथा उत्प्रेरणा अभिवृद्धि गराउन आवश्यक युवा कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(प) राष्ट्रिय वा अन्तर्राष्ट्रियस्तरमा रचनात्मक कार्य गरी ख्याति प्राप्त युवा तथा युवाको विकास र समाजसेवाको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने संघ वा संस्थालाई सम्मान गर्ने,

(फ) युवालाई हिंसा, दुव्र्यसन र कुलतमा लाग्न नदिनको लागि आवश्यक कार्यत्र गराउने, सञ्चालन गर्ने,

(ब) युवामा उद्यमशीलताको विकास गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्ने,

(भ) यवासँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्ने सरकारी तथा गैर सरकारी संघ वा संस्थासँग आवश्यक समन्वय गर्ने,

(म) युवा तथा खेलकुदको विकासको लागि अन्य आवश्यक व्यवस्थाहरु गर्ने, गराउने ।

११. **<u>समिति वा उपसमिति गठन गर्न सक्ने सक्ने</u>** : (१) समितिले यस विधेयक बमोजिम आफूले गर्नु पर्ने कुनै काम गर्नको निमित्त आवश्यकतानुसार वश्यकतानुसार वडास्तरिय वडास्तरिय वडास्तरिय समिति वा उपसमितिहरु गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित समिति वा उपसमितिहरुको काम, कर्तव्य, अधिकार र विधेयक समितिले तोके बमोजिम हुनेछ ।

१२. **<u>खेलकुद सम्बन्धी संस्थाको दर्ता</u>** : (१) खेलकुद सम्बन्धी गतिविधि सञ्चालन गर्न प्रचलित कानुन बमोजिम दर्ता भएको सस्थाले समितिमा समेत दफा १४ बमोजिम दर्ता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिमा दर्ता नभएको खेलकुद सम्बन्धी संस्थाले नगरपालिकाभित्र खेलकुद सम्बन्धी गतिविधि सञ्चालन गर्न सक्ने छैन ।

**१३. <u>नाम दर्ताको लागि दरखास्त दिनुपर्ने</u>:** (१) समितिको लगतमा नाम दर्ता गराउन चाहने खेलकुद सम्बन्धी संस्थाले बेहायका कुराहरु खुलाई समितिमा नाम दर्ताको लागि दरखास्त दिनु पर्नेछः-

(क) संस्थानको नाम र ठेगाना,

(ख) संचालन गरिने खेलकुदको किसिम,

(ग) कार्यकारिणी समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा ।

(२) उपदफा (१) बमोजिम दरखास्त दिंदा खेलकुद सम्बन्धी संस्थाले आफ्नो विधानको एकप्रति समेत दरखास्त साथ संलग्न गरेको हुनु पर्नेछ ।

**१४. <u>खेलकुद सम्बन्धी संस्थाको नाम दर्ता गर्न सक्ने</u>** : (१) दफा १२ बमोजिम नाम दर्ता गराउनको लागि खेलकुद सम्बन्धी संस्थाको दरखास्त परेमा त्यस्तो दरखास्त प्राप्त भएको मितिले पैतीस दिन भित्र समितिले आवश्यक जाँचबुझ गरी त्यस्तो खेलकुद सम्बन्धी संस्थालाई आफ्नो लगतमा नाम दर्ता गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लगतमा नाम दर्ता गरेकोमा दर्ता गरिएको सूचना वा दर्ता गर्न नसकिने ठहरिएमा दर्ता गर्न नसकिने व्यहोराको सूचना समितिले त्यस्तो खेलकुद सम्बन्धी सस्थालाई दिनु पर्नेछ।

१५. **हेरफेरको सूचना गर्नु पर्ने**: (१) यो विधेयक बमोजिम समितिको लगतमा नाम दर्ता भएको खेलकुद सम्बन्धी संस्थाले दफा १२ बमोजिम नाम दर्ताको लागि दिएको दरखास्तमा उल्लेख भएको व्यहोरा वा दरखास्त साथ संलग्न विधानको व्यहोरामा कुनै हेरफेर भएमा त्यसरी हेरफेर गर्नु परेको कारण सहितको सूचना पन्ध्र दिन भित्र समितिलाई दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम हेरफेरको सूचना प्राप्त भएपछि त्यस्तो हेरफेर गर्नु पर्ने कारण मनासिव देखेमा समितिले त्यस्तो हेरफेरको व्यहोरा अद्यावधिक बनाई राख्नु पर्नेछ।

१६. **खेलकुद  सम्बन्धी संस्थाले हिसाबको श्रेस्ता राख्नुपर्ने** : (१) खेलकुद  सम्बन्धी संस्थाले आफ्नो आम्दानी खर्चको हिसाबको श्रेस्ता समितिले तोकिदिएको ढाँचामा राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम खेलकुद सम्बन्धी संस्थाले राखेको श्रेस्ताको जाँचबुझ समितिले जहिलेसुकै पनि गराउन सक्नेछ।

(३) समितिले नौरजहारी खेलकुद सम्बन्धी संस्थाको श्रेस्ताको जाँचबुझ गर्दा गराउँदा आम्दानी खर्चको हिसाब किताब अनियमित भएको वा रकम हिनामिना भएको देखिएमा त्यसरी अनियमित भएको हिसाब किताब नियमित गर्न लगाउन र हिनामिना भएको रकम सम्बन्धित व्यक्तिबाट आवश्यक कारवाही चलाउनु पर्नेछ।

१७. **समितिले निर्देशन दिन र लगतबाट नाम कट्टा गर्न सक्ने**: (१) समितिले खेलकुद  सम्बन्धी संस्थालाई खेलकुदको विकासको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित खेलकुद  सम्बन्धी संस्थाको कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिम समितिले दिएको निर्देशनको पालन नगर्ने खेलकुद  सम्बन्धी संस्था वा दफा १६ बमोजिम समितिले तोकिदिएको ढाँचामा आफ्नो आम्दानी खर्चको हिसाब किताबको श्रेस्ता नराख्ने वा रकम हिनामिना गर्ने खेलकुद  सम्बन्धी संस्थाको नाम समितिले आफ्नो लगतबाट कट्टा गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम समितिले आफ्नो लगतबाट कुनै खेलकुद  सम्बन्धी संस्थाको नाम कट्टा गरेमा त्यसको सूचना सम्बन्धित खेलकुद  सम्बन्धी संस्थालाई दिनु पर्नेछ।

१८. **समितिको कोष**: (१) समितिको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन् -

(क) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट प्राप्त रकम,

(ख) खेलकुद सम्बन्धी प्रशिक्षण प्रदान गरे बापत लिने शुल्क,

(ग) खेलकुद प्रदर्शन गरी आर्जन भएको रकम,

(घ) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरुप प्रदान गरेको रकम,

(ङ) अन्तर्राष्ट्रिय संघ संस्था, विदेशी सरकार वा एजेन्सीबाट प्राप्त रकम

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ङ) अन्तर्गत रकम प्राप्त गर्न समितिले नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(३) समितिको नामबाट गरिने सबै खर्च कोषबाट व्यहोरिनेछ ।

(४) समितिको कोषमा रहने रकम नेपाल राष्ट्र बैंक वा अन्य कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ ।

१९. **समितिको कोष सञ्चालन खाता** : समितिको कोषको खाता सञ्चालन समितिको अध्यक्ष र नगरपालिकाको लेखा प्रमुख वा निजले तोकेको लेखाको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

२०. **नेपाल सरकारको स्वीकृति लिनुपर्ने** : समितिले आफ्नो कार्य सञ्चालनको सिलसिलामा विदेशी सरकार वा अन्तर्राष्ट्रिय संस्था वा विदेशी संस्था वा व्यक्तिसँग सम्झौता गर्दा नेपाल सरकारको स्वीकृत लिनु पर्नेछ ।

२१. **लेखा र लेखापरीक्षण**: (१) समितिको आय व्ययको लेखा तोकिए बमोजिम राखिनेछ ।

(२) समितिको लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयवाट हुनेछ ।

(३) नगरपालिकाले चाहेमा समितिको आय व्ययको लेखा, तत्सम्बन्धी कागजात र अरु नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

२२. **सदस्यहरुको भत्ता** : (१) सदस्यहरुले समितिको बैठकमा भाग लिए बापत नगर कार्यपालिका वा तोकिए बमोजिमको निकायबाट स्वीकृत मापदण्ड बमोजिमको बैठक भत्ता पाउनेछन् ।

(२) सदस्यले समितिको काम विशेषले भ्रमण गर्नु परेमा नगर कार्यपालिकाले तोके बमोजिमको भ्रमण तथा दैनिक भत्ता पाउनेछन् ।

२३. **<u>अध्यक्षको पारिश्रमिक र भत्ता</u>**: (१) अध्यक्षले समितिमा पुरा समय काम गरे बापत नगर कार्यपालिकाले तोके बमोजिमको मासिक पारिश्रमिक पाउनेछ ।

(२) अध्यक्षले भ्रमण गर्दा पाउने भ्रमण तथा दैनिक भत्ता नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

२४. **<u>अध्यक्षको सेवाको शर्त</u>**: (१) अध्यक्ष समितिको पुरा समय काम गर्ने प्रमुख पदाधिकारी हुनेछ ।

(२) अध्यक्षले समितिको कामको सिलसिलामा नेपाल भित्र वा बाहिर जानु परेमा प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृति लिनु पर्नेछ ।

(३) कुनै कारणबाट अध्यक्ष समितिमा उपस्थित हुन नसक्ने भएमा समितिको संरक्षकबाट स्वीकृत लिनु पर्नेछ ।

(४) अध्यक्षको पारिश्रमिक सुविधा तथा सेवाको अन्य शर्त नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

२५. **<u>अध्यक्षको काम, कर्तव्य र अधिकार</u>** : विधेयकको दफा ९ मा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त अध्यक्षको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिको प्रमुख पदाधिकारीको हैसियतले समितिको दैनिक प्रशासन सम्बन्धी कार्य गर्ने गराउने ।

(ख) समितिसँग सम्बद्ध संस्था वा संस्था तथा समितिसंग सहकार्य गरेका विदेशी, सरकारी एवं गैर सरकारी संघ संस्थासंग युवा सम्बन्धी कार्यक्रम सञ्चालनको लागि समन्वय गर्ने ।

(ग) समितिबाट सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने ।

(घ) समितिमा पेश हुने प्रस्तावहरु तयार गर्ने, गराउने ।

(ङ) नगर कार्यपालिका, संरक्षक वा समितिले दिएको निर्देशन बमोजिम कार्यहरु गर्ने, गराउने ।

(च) समितिवाट भएका निर्णयहरु कार्यान्वयन गर्ने, गराउने,

२६. **<u>सङ्गठन संरचना तथा कर्मचारी सम्बन्धी व्यवस्था</u>** : (१) समितिको संगठन संरचना तथा समितिको कार्य सम्पादनको लागि आवश्यक कर्मचारी शिक्षा, युवा तथा खेलकुद शाखामा कार्यरत कर्मचारीमध्येबाट उपलब्ध गराईनेछ ।

गौरादह नगरपालिकाको युवा तथा खेलकुद विकास ऐन, २०८२

(२) समितिका कर्मचारीको शर्त र सुविधा नगर कार्यपालिकाबाट स्वीकृत मापदण्ड बमोजिम हुनेछ।

(३) उपनियम (२) बमोजिम समितिका कर्मचारीहरुको थप पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्दा नगरसभाको सहमति लिनु पर्नेछ।

२७. **अधिकार प्रत्यायोजनः** समितिले यो विधेयक बमोजिम आफूलाई प्राप्त अधिकारहरु मध्ये सबै वा केही अधिकार आवश्यकतानुसार सदस्य, सदस्य-सचिव वा समितिका कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

२८. **नगर कार्यपालिकाले निर्देशन दिन सक्नेः** (१) नगर कार्यपालिकाले खेलकुदको विकास गर्नको लागि समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम नगर कार्यपालिकाले दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

२९. **सजायः** (१) समितिको कुनै कर्मचारीले जानी जानी वा लापरबाही गरी वा बदनियतसाथ समितिलाई हानी नोक्सानी पुऱ्याएमा निजबाट बिगो असूल गरी निजलाई तीन महीनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

(२) समितिको कुनै कर्मचारीले समितिको लेखापरीक्षण गर्ने कार्यमा खटिएका लेखापरीक्षकलाई निजको कामकाजमा बाधा अवरोध गरेमा वा निजले मागेको आवश्यक लिखत वा सूचना नदिएमा त्यस्तो कर्मचारीलाई बुईहजार रुपैयाँसम्म जरिवाना हुनेछ।

(३) उपदफा (१) र (२) मा उल्लेख भए बाहेक समितिको कुनै कर्मचारीले यो विधेयकको बर्खिलाप हुने गरी कुनै काम कारबाही गरेमा निजलाई एक हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

३०. **नगर कार्यपालिकासँग सम्पर्क** : समितिले नगर कार्यपालिकासँग सम्पर्क राख्दा प्रमुख प्रशासकीय अधिकृत मार्फत राख्नेछ।

३१. **शपथ** : समितिका सदस्यले आफ्नो कार्यभार सम्भाल्नु अघि **अनुसूची-१** बमोजिमको ढाँचामा पद तथा गोपनियताको शपथ लिनु पर्नेछ।

३२. **बचाउ, हेरफेर तथा संशोधन** : (१) खेलकुद को क्षेत्रमा यस अघि भए गरेका कार्यहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(२) यस ऐनमा उल्लेखित प्रावधानहरू आवश्यकता अनुसार नगर सभाले हेरफेर वा संशोधन गर्न सक्नेछ।

(३) नगर कार्यपालिकाले ऐनको प्रतिकूल नहुने गरी कार्यविधि बनाउन सक्नेछ।

चौरजहारी नगरपालिका युवा तथा खेलकुद विकास ऐन, २०८२

## अनुसूची १

(दफा ३१ सँग सम्बन्धित)

### शपथ

म ............................................................... (शपथ लिने व्यक्तिको नाम) ............................

मुलक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वर/देश र जनताका नाममा शपथ लिन्छु कि नगर युवा तथा खेलकुद विकास समितिको ....................................पदको हैसियतले मलाई तोकिएको काम मैले जानेबुझे सम्म कर्तव्य सम्झी देश तथा समितिप्रति वफादार रही, भय, पक्षपात वा द्वेष नराखी लोभ, लालच, मोलाहिजा नगरी इमान्दारीपूर्वक प्रचलित कानूनको अधीनमा रही पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुनै गोप्य कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक म पदमा बहाल रहँदा वा नरहँदाको जनसुकै अवस्थामा पनि कुनै किसिमबाट प्रकट वा संकेत गर्ने छैन ।

चौरजहारी नगरपालिका युवा तथा खेलकुद

आज्ञाले  
शेरप्रसाद ढकाल  
नि.प्रमुख प्रशासकीय अधिकृत